# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२ ] काठमाडौं, आषाढ ९ गते २०२९ साल [ अतिरिक्ताङ्क १५ (क)


श्री ५ को सरकार

### शिक्षा मन्त्रालय

#### छात्रवृत्ति नियमावली २०२९

छात्रवृत्ति ऐन २०२१ को दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ :–

१. संक्षिप्त नाम र प्रारम्भ:– (१) यी नियमहरूको नाम "छात्रवृत्ति नियमावली २०२९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा:– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा :–

(क) "आयोग" भन्नाले राष्ट्रिय योजना आयोग सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले छात्रवृत्ति ऐन २०२१ सम्झनुपर्छ ।

३. विषय स्वीकृत नभएको छात्रवृत्तिमा नपठाउने:– नियम ५ मा लेखिएदेखि बाहेक आयोगबाट स्वीकृत नभएका विषयमा छात्रवृत्ति प्राप्त गरिने वा त्यस्तो छात्रवृत्तिमा अध्ययन वा तालीमको निमित्त कसैलाई मनोनयन वा स्वीकृति गरिने वा पठाइने छैन ।

४. छात्रवृत्तिको विषय स्वीकृति गर्ने कार्यविधि:– विदेशी सरकार वा संस्थाबाट प्राप्त गरिने छात्रवृत्तिको विषय स्वीकृति गर्ने सम्बन्धमा निम्न लेखिएबमोजिम कार्यविधि अपनाइने छ:–

(१) विभिन्न किसिम वा स्तरको जनशक्तिको आवश्यकताको आधारमा विदेशी सरकार वा संस्थासँग माग गर्नु पर्ने छात्रवृत्तिको विवरण भरी पठाउन आयोगले परिपत्र गर्नेछ ।

(२) उप-नियम (१) बमोजिम परिपत्र भएपछि छात्रवृत्ति माग गर्ने कार्यालयहरूले सो परिपत्रमा तोकिएको अवधिभित्र आयोगबाट निर्धारित ढाँचामा छात्रवृत्तिको माग गरी आयोगमा पठाउनेछ ।

(३) उप-नियम (२) बमोजिम प्राप्त भएको मागलाई आयोगले राष्ट्रिय योजना अनुकूल चाहिने सम्पूर्ण जनशक्तिको अनुमानको आधारमा विश्लेषण गरी छात्रवृत्तिको निमित्त विषयहरू स्वीकृत वा अस्वीकृत गर्नेछ । अस्वीकृत भएमा वा स्वीकृत भए पनि स्वीकृत गरिएका छात्रवृत्तिको विषय, अध्ययन वा तालिमको निमित्त उपयुक्त देश, स्तर, अवधि र संख्या खुलाउनुको साथै सो छात्रवृत्तिको लागि उम्मेदवारको छनौट, मनोनयन वा खुला प्रतियोगिता वा विभागीय प्रतियोगिता जुनबाट हुने हो सो समेत खुलाई शिक्षा मन्त्रालय र सम्बन्धित मन्त्रालयलाई जानकारी समेत दिनेछ ।

(४) उप-नियम (३) बमोजिम स्वीकृत भएका विषयका छात्रवृत्तिहरू मध्ये स्वदेशमै अध्ययन वा तालिमको व्यवस्था भए नभएको जाँची स्वदेशमा अध्ययन वा तालिमको व्यवस्था नभएका वा भए पनि आवश्यक परिमाणमा नभएका विषयको निमित्त मात्र शिक्षा मन्त्रालयले विदेशी सरकार वा संस्थाबाट छात्रवृत्ति उपलब्ध गराउन आवश्यक कारवाई गर्नेछ ।

(५) उप-नियम (४) बमोजिमको कारवाई गरी प्राप्त भएको खुला प्रतियोगिताबाट उम्मेदवार छनौट गर्नु पर्ने छात्रवृत्तिमा शिक्षा मन्त्रालयले नियम ६ को अधीनमा रही, उम्मेदवार छनौट गरी पठाउनु पर्नेछ ।

५. स्वीकार गरिएका छात्रवृत्ति:– (१) श्री ५ को सरकारबाट माग हुनु भन्दा अगावै कुनै विदेशी सरकार वा संस्थाबाट कुनै विषयमा अध्ययन वा तालिमका लागि छात्रवृत्ति प्रदान गरिएकोमा र सो छात्रवृत्तिको उपभोग गर्ने आवश्यकता देखाई कुनै मन्त्रालयबाट अनुरोध भई आएमा सो कार्यालयको जनशक्तिको आवश्यकताको विवरणमा परेको भए वा नभए पनि राष्ट्रिय योजनामा सो विषयको जनशक्ति आवश्यक छ भन्ने लागेमा आयोगले सो छात्रवृत्ति स्वीकृत गरी सो छात्रवृत्तिको लागि उम्मेदवारको छनौट खुला प्रतियोगिता, विभागीय प्रतियोगिता वा मनोनयन जुनबाट हुने हो सो समेत खुलाई शिक्षा मन्त्रालय र सम्बन्धित मन्त्रालयलाई जानकारी दिनेछ ।



(२) उप-नियम (१) बमोजिम जानकारी प्राप्त भएपछि खुला प्रतियोगिताबाट उम्मेदवार छनौट गर्नु पर्ने छात्रवृत्तिमा शिक्षा मन्त्रालयले नियम ६ को अधीनमा रही उम्मेदवार छनौट गरी पठाउनु पर्नेछ ।

(२) उप-नियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी सरकार वा संस्थाबाट प्राप्त भएको छात्रवृत्ति कुनै व्यक्ति विशेषको निमित्त प्रदान गरिएको वा व्यक्तिगत रूपमा विदेशी सरकार वा संस्थासँग माग गरी उपलब्ध भएकोमा त्यस्तो छात्रवृत्तिमा कुनै कारवाई गरिने छैन ।

६. छनौट समिति:– (१) स्वीकृत विषयका छात्रवृत्तिहरूमा खुला प्रतियोगिताबाट पठाइने उम्मेदवारहरू मध्येबाट छनौट गर्ने श्री ५ को सरकारले बढीमा सातजना सदस्य भएको एउटा छनौट समिति गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको छनौट समितिको सदस्यहरूको योग्यता निजहरूको पदावधि, काम, कर्तव्य र अधिकार श्री ५ को सरकारबाट तोकेबमोजिम हुनेछ ।

७. उम्मेदवारको योग्यता:– (१) कुनै छात्रवृत्तिमा खुला प्रतियोगिताबाट उम्मेदवारहरूको छनौट गर्नु पर्दा सो छात्रवृत्तिमा जाने उम्मेदवारको निमित्त आवश्यक योग्यता समेत तोकी शिक्षा मन्त्रालयबाट विज्ञापन गर्नु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिमको विज्ञापनमा कुनै छात्रवृत्तिमा दुर्गम क्षेत्रका अथवा महिला वा पुरुष कुनै खास वर्गको उम्मेदवार मध्ये छनौट गरिने भए सो समेत खुलाउनु पर्नेछ ।

८. उम्मेदवार छनौट गर्ने आधार:– (१) खुला प्रतियोगितामा छात्रवृत्तिको निमित्त निवेदन दिने उम्मेदवारहरू मध्ये छनौट गर्दा पूर्णाङ्क सय राखी नियम ९ र १० बमोजिम अन्तरवार्ताको र शैक्षिक प्रमाणपत्रको अंक कायम गरिनेछ ।

(२) नियम १० मा लेखिएका प्रमाणपत्रहरू मध्ये छानिने तहको प्रमाणपत्र नेपाल अधिराज्यका अध्ययन सम्बन्धी संस्थाबाट प्राप्त गर्ने उम्मेदवारलाई निजले पाएको जम्मा अंकमा नियम ८ को उप-नियम (१) मा लेखिएको पूर्णाङ्कको दश प्रतिशत थपी जम्मा अंकको गणना गरिनेछ ।

९. अन्तर्वार्ताको अंक:– (१) नियम ८ बमोजिमको पूर्णाङ्क मध्ये अन्तर्वार्ताको लागि जम्मा दश प्रतिशत अंक राखी सो मध्ये पञ्चायत र नेपाल सम्बन्धी ज्ञानको लागि पाँच प्रतिशत अंक र उम्मेदवारको व्यक्तित्व, सामान्य ज्ञान, भाषाको ज्ञान, मानसिक उज्वलता, अभिव्यक्त गर्न सक्ने शक्ति इत्यादिको लागि पाँच प्रतिशत अंक राखी परीक्षण गरिनेछ ।

(२) अन्तर्वार्ता लिएपछि प्रत्येक परीक्षकले कुनै उम्मेदवारलाई दिएको अंक जम्मा गरी सो जम्मा अंकलाई परीक्षकको संख्याले भाग दिई हुने (औसत) अंक सो उम्मेदवारले पाउनेछ ।

१०. परीक्षा उत्तीर्ण प्रमाणपत्रको अंक:– नियम ८ बमोजिमको पूर्णाङ्क मध्ये कुनै उम्मेदवारले उत्तीर्ण भएको परीक्षाहरूको जम्मा अंकमा जस्तो प्रतिशत अंक राख्दछ सो उम्मेदवारलाई निम्न लेखिएबमोजिम अंक दिइनेछ ।

(१) एस. एल. सी. वा सो तहबाट छानिनेमा एस. एल. सी. वा सो सरहको परीक्षाको पूर्णाङ्कमा सत्तरी प्रतिशत र सो परीक्षामा लिएको एक आवश्यक विषयको पूर्णाङ्कमा दश प्रतिशत राखी सब्बांकको अनुपातमा अंक दिइनेछ ।

(२) इण्टरमिडियट वा प्रमाणपत्र तहबाट छानिनेमा एस. एल. सी. वा सो सरहको परीक्षाको पूर्णाङ्कमा दश प्रतिशत, इण्टरमिडियट वा प्रमाणपत्र तहको पूर्णाङ्कमा साठी प्रतिशत र सो तहमा लिएको एक आवश्यक विषयको पूर्णाङ्कमा दश प्रतिशत राखी सब्बांकको अनुपातमा अंक दिइनेछ ।

(३) स्नातकोपाधि वा डिप्लोमा तहबाट छानिनेमा एस. एल. सी. वा सो सरहको प्रमाणपत्रको पूर्णाङ्कमा दश प्रतिशत, इण्टरमिडियट वा प्रमाणपत्र तहको पूर्णाङ्कमा दश प्रतिशत, स्नातकोपाधि वा डिप्लोमा तहको पूर्णाङ्कमा पचास प्रतिशत र सो तहमा लिएको एक आवश्यक विषयको पूर्णाङ्कमा दश प्रतिशत राखी सब्बांकको अनुपातमा अंक दिइनेछ ।

(४) स्नातकोत्तरपाधि तहबाट छानिनेमा एस. एल. सी. वा सो सरहको प्रमाणपत्रको पूर्णाङ्कमा दश प्रतिशत, इण्टरमिडियट वा प्रमाणपत्र तहको पूर्णाङ्कमा दश प्रतिशत, स्नातकोपाधि वा डिप्लोमा तहको पूर्णाङ्कमा दश प्रतिशत र स्नातकोत्तरपाधि तहको पूर्णाङ्कमा पचास प्रतिशत राखी सब्बांकको अनुपातमा अंक दिइनेछ ।

११. प्रयोगात्मक परीक्षा:– यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि चित्र कला, गायन, वाद्य वादन, नृत्य, सिलाई इत्यादि जस्ता प्रयोगात्मक निपुणताको आधारमा छनौट गर्नु पर्ने विषयहरूमा छनौट समितिले ती विषयहरूको छात्रवृत्तिमा छनौट गर्ने आधार पूर्व निर्धारित गरी सोही आधारमा उम्मेदवार मध्ये छनौट गर्न सक्नेछ ।

१२. कबुलियत गर्नु पर्ने:– यस नियमावलीबमोजिम छात्रवृत्तिमा अध्ययन वा तालीमको निमित्त विदेशमा जाने व्यक्तिले अनुसूची १ बमोजिमको ढाँचामा कबुलियत गरी शिक्षा मन्त्रालयमा दिनुपर्नेछ ।

१३. छात्रवृत्तिमा गएकाले विषय परिवर्तन गर्ने:– छात्रवृत्तिमा अध्ययन गरिरहेका वा तालीम प्राप्त गरिरहेका व्यक्तिलाई अध्ययन वा तालीमको निमित्त पठाइएको विषय सामान्यतया परिवर्तन गर्न दिइने छैन । विषय परिवर्तन गर्न परेमा सम्बन्धित व्यक्तिले



स्पष्टकारण देखाई सो विषय परिवर्तन गर्नु पर्ने आवश्यक ठहऱ्याई सम्बन्धित सरकार वा संस्थाले समेत सिफारिश गरेमा मात्र आयोगको सहमति प्राप्त गरी त्यस्तो विषय परिवर्तनको स्वीकृति शिक्षा मन्त्रालयले दिन सक्नेछ ।

तर, सरकारी सेवाबाट छात्रवृत्तिमा अध्ययन वा तालीम प्राप्त गरी रहेका श्री ५ को सरकारका कर्मचारीलाई विषय परिवर्तन गर्ने स्वीकृति दिनु भन्दा अगाडि सम्बन्धित मन्त्रालयको सिफारिश समेत प्राप्त भएको हुनु पर्नेछ ।

१४. छात्रवृत्तिको अवधि थप गर्ने:– कुनै व्यक्तिको सम्बन्धमा निजलाई अध्ययन वा तालीमको निमित्त पठाइएको विषय कुनै कारणले पूर्व निश्चित अवधिभित्र सम्पन्न हुन नसक्ने भनी थप म्यादको निमित्त सो व्यक्तिले आफ्नो अध्ययन वा तालीम सम्बन्धी सरकार वा संस्थाको सिफारिश साथ निवेदन दिएमा सो थप अवधिको निमित्त छात्रवृत्ति उपलब्ध हुने नहुने कुराको विचार गरी शिक्षा मन्त्रालयले अध्ययन वा तालीमको म्याद थप गर्ने स्वीकृति दिन सक्नेछ ।

तर, सरकारी सेवामा बहाल रहेका व्यक्तिको सम्बन्धमा एक पटकसम्म सम्बन्धित मन्त्रालयले अध्ययन वा तालीम म्याद थप गर्न सक्नेछ । एक पटक भन्दा बढी म्याद थप गर्नु परेमा सम्बन्धित मन्त्रालयको सहमति लिई शिक्षा मन्त्रालयले त्यस्तो म्याद थप गर्ने स्वीकृति दिन सक्नेछ ।

१५. छात्रवृत्तिमा गएकाले प्रतिवेदन दिने:– (१) छात्रवृत्तिमा अध्ययन वा तालीमको निमित्त गएका व्यक्तिले आफू गएको अध्ययन वा तालीम पूरा गरी फर्केको तीन महीनाभित्र आफ्नो स्थानीय र स्थायी ठेगाना समेत खुलाई शिक्षा मन्त्रालयमा प्रतिवेदन दिनु पर्नेछ ।

(२) सरकारी सेवामा बहाल रहेका व्यक्तिले उप-नियम (१) बमोजिमको प्रतिवेदन आफू बहाल रहेको कार्यालयमा दिने छ र सो कार्यालयले पनि पन्ध्रह दिनभित्र विभागीय प्रतिक्रिया भए सो सहित र प्रतिक्रिया नभए प्राप्त भएको प्रतिवेदन एक प्रति शिक्षा मन्त्रालयमा पठाउनु पर्नेछ ।

१६. छात्रवृत्ति सम्बन्धित बिगो निर्धारण:– (१) छात्रवृत्ति सम्बन्धी बिगोको निर्धारण शिक्षा मन्त्रालयले गर्नेछ ।

(२) नियम (१) बमोजिमको बिगो निर्धारण गर्नु भन्दा पूर्व अर्थ मन्त्रालयको परामर्श लिनु पर्नेछ ।

(३) उप-नियम (१) र (२) मा जेसुकै लेखिएको भए तापनि सरकारी सेवामा रहेका छात्रवृत्तिमा अध्ययन वा तालीमको निमित्त गएका व्यक्तिको सम्बन्धमा बिगो निर्धारण गर्दा निजको सम्बन्धित मन्त्रालयको समेत परामर्श लिनु पर्नेछ । र त्यस्तो मन्त्रालयले आफ्नो परामर्शको साथै शिक्षा मन्त्रालयबाट बिगो निर्धारणको निमित्त आवश्यक भएको कागजात सो मन्त्रालयलाई उपलब्ध गराई दिनेछ ।

१७. अधिकारी तोक्ने:– ऐनको दफा ६ को उपदफा (१) को प्रयोजनको निमित्त अञ्चल अदालतको अञ्चल न्यायाधीशलाई अधिकारी तोकिएको छ ।

अनुसूची–१
(नियम १२ संग सम्बन्धित)

लिखितम श्री ........................ का नाति । नातिनी..............
को छोरा । छोरी .....................बस्ने वर्ष.......को म ..........
........ आगे श्री ५ को सरकार, शिक्षा मन्त्रालयबाट .... .. .. .. ..
........ अन्तरगत... ... ... ... ... ... ... ... ... ... ... ... ...
.. .... विषयमा............................मा अध्ययन । तालीम लिन जान लागेकोले ऐन नियमको अधीनमा रही खानिएको विषयको अध्ययन वा तालीम अवधि नबढाएमा पूर्व निश्चित अवधि भुक्तान हुनासाथ र बढाइएकोमा थप म्याद भुक्तान हुना साथ अथवा तालीम पुरा हुनासाथ स्वदेश फर्की आई छात्रवृत्ति ऐन २०२१ बमोजिम अरूले गर्नु पर्ने सरकारी सेवा गर्नेछु ।

छात्रवृत्तिको सिलसिलामा मैले पाएको रकम छात्रवृत्तिको शर्त बन्देजको अधीनमा रही खर्च गर्नेछु । पेश्की वा सापटी लिएको रुपैयां जुन काम र शर्तमा लिएको हुँ सोहीबमोजिम गर्नेछु र बुझाउनु पर्ने रकम नबुझाएमा मेरो जायजथा वा हक दैयाबाट असुल उपर गरी लिएमा मेरो मञ्जूर छ र यस कुरा वापत कोनै कुराको उजूर गर्ने छैन भनी मनोमानी खुशी राजीसंग यो कबुलियतनामा लेखी श्री ५ को सरकार, शिक्षा मन्त्रालयमा चढाएँ ।

अभिभावकको

(उम्मेदवारको दस्तखत)

नाम:–

अस्थायी ठेगाना:–

स्थायी ठेगाना:–

दस्तखत:–

ईति सम्बत् २०२ साल महीना गते रोज शुभम् – – – – – –

आज्ञाले–
कृष्णबहादुर मानन्धर
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।